का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १०३
- २० जेठ २०७७, मंगलबार
- 2 June 2020, Tuesday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: सोमबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १८११ जना | २२१ जना | ७१९०३ | १५६९ | ८ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ६३ लाख २ हजार | २८ लाख ६६ हजार | ३ लाख ७४ हजार | ३० लाख ६१ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# अर्थमन्त्रीको अटेरी

- बजेट कार्यान्वयन गर्ने विधेयकहरु संसदमा प्रस्तुत
- बजेट माथिको सैद्धान्तिक छलफल सकियो
- संसदबाट अनुमोदन नभएसम्म एमसीसी यथावत रहने
- सत्तारुढकै सांसदहरुले पाएनन् जवाफ
- सामुदायिक विद्यालयको सुधारमा निजी विद्यालय लाग्ने



**आगामी आर्थिक वर्षका लागि प्रस्तुत बजेट माथिको सैद्धान्तिक छलफल सकिएको छ। सांसदहरूले बजेट सापेक्षित हुन र कोरोनाको असरबाट अर्थतन्त्र तथा जनताको जीवन जोगाउन नसकेको प्रश्नमा अर्थमन्त्री खतिवडाले बुधबार सामान्य जवाफ दिएपछि छलफल सकिएको छ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ जेठ।

आगामी आर्थिक वर्षका लागि संघीय संसदको संयुक्त सदनमा गएको जेठ १५ गते प्रस्तुत बजेट माथिको सैद्धान्तिक छलफल सकिएको छ। सैद्धान्तिक छलफल सकिए लगत्तै अर्थमन्त्री युवराज खतिवडाले बजेट कार्यान्वयन गर्न आवश्यक विधेयकहरु पेश गरेका छन्। तर, बजेट माथि सांसदहरुले उठाएका प्रश्नको भने अर्थमन्त्री खतिवडाले चित्त बुझ्दो जवाफ दिएनन्। सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सँग बजेट पारित गर्न पर्याप्त सांसद संख्या भएकाले अर्थमन्त्रीले कामचलाउ जवाफ दिएपनि बजेट पारित गर्ने मार्ग प्रशस्त भएको छ।

तर, सत्तारुढ दलकै सांसदहरुले आपत्ति जनाएका विषयहरुमा पनि अर्थमन्त्री खतिवडाले कुनै हेरफेरको संभावना नरहेको प्रष्ट पारे। विशेषगरी सामुदायिक विद्यालयको सुधारका नाममा निजी विद्यालयको अग्रसरतालाई बजेटले कार्यान्वयनको बाटोतर्फ अगाडि बढाएको छ। संसदमा दुई पटक जवाफ दिदा पनि मन्त्री खतिवडाले निजी विद्यालयले सामुदायिक विद्यालयको सुधार गर्छु भन्दा रोक्न नहुने जवाफ दिएका छन्।

नेकपाका सचिवालय सदस्य एवम् प्रवक्ता नारायणकाजी श्रेष्ठले कडा आपत्ति जनाएको र शिक्षामन्त्री गिरिराजमणि पोखरेलले आपत्ति जनाएको यो विषयमा अर्थमन्त्री खतिवडाले संशोधनको कुनै आवश्यकता देखेनन्। मन्त्री पोखरेलले आइतबार विज्ञप्ति जारी गरेरै बजेटमा आएको यो कार्यक्रमप्रति आपत्ति जनाएका थिए। मन्त्री पोखरेलले यो कार्यक्रम कहाँबाट बन्यो भन्ने कुनै जवाफ नै दिएनन्, उल्टो सांसदहरुले यो तथ्य बुझ्न नसकेको जिकिर गरे।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई पनि शिक्षा मन्त्रालयकै जस्तो जवाफ दिए। उनले कृषि विकासको काम कृषि मन्त्रालयको मात्रै नभएको जवाफ दिएका थिए। उनले भौतिक पूर्वाधार, भूमि व्यवस्था, उर्जा, सिंचाई, स्वास्थ्य मन्त्रालयमा बजेट पठाएको बताए। कृषि तथा पशुपन्छी विकास मन्त्री घनश्याम भुसालले कृषि क्षेत्रको पुनर्संरचना गर्नेगरी कार्यक्रम ल्याउने घोषणा गरेपनि बजेटमा नआएको भन्दै असन्तुष्टि जनाएका थिए।

## असन्तुष्ट प्रतिपक्षी

प्रमुख विपक्षी दल नेपाली काँग्रेसले आगामी आवको बजेटले कोभिड-१९ को रोकथाम र त्यसबाट प्रभावित भएका नागरिकको जीवन रक्षामा ध्यान पुऱ्याउन नसकेको आरोप लगाएको छ। काँग्रेसले 'विनियोजन विधेयक २०७७' माथिको सैद्धान्तिक छलफलका क्रममा उक्त पार्टीका सांसदले बजेट प्रभावितलाई सम्बोधन गर्नाको साटो अन्यत्रै परिचालन गरिएको टिप्पणी गरेको छ।

विनियोजन विधेयकमाथिको सैद्धान्तिक छलफलमा भाग लिँदै काँग्रेसका मीनेन्द्रप्रसाद रिजालले विधेयकमा छलफल गर्ने बेलामा कुन स्रोतबाट पैसा आउँछ भनेर संसदलाई स्पष्ट रुपमा जानकारी दिनुपर्ने माग गरे। आर्थिक गतिविधि अघि बढाउन कहाँबाट कसरी रकम आउँछ भनेर स्पष्ट खुलाउनुपर्नेमा उनले जोड दिए।

सोही पार्टीका उमा रेग्मीले राम्ररी कोरोनाको उपचार हुन नसकेको अवस्थामा काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर भने झैँ बजेट स्वास्थ्यभन्दा रक्षातिर केन्द्रित गरिएको भन्दै आपत्ति प्रकट गरे। रोजगारीबाट फर्किएका युवालाई आकर्षित गर्ने बजेट खै भन्ने उनले प्रश्न गरे।

नेपाल मजदूर किसान पार्टीका प्रेम सुवालले कोभिड-१९ रोकथाम र प्रभावित जनताको व्यवस्थापनमा बजेटले ध्यान नदिएको बताए। सीमा सुरक्षा र नियमनको व्यवस्था गर्नेमा पनि बजेटले ध्यान नदिएको उनले बताए।

विधेयकमा सशर्त अनुदानवापत हस्तान्तरण भएको रकम जुन क्षेत्रका लागि योजना वा कार्यक्रममा प्राप्त भएको हो, सोही क्षेत्रमा खर्च गर्ने गरी कार्ययोजना बनाएर हरेक आर्थिक वर्षको साउन मसान्तभित्र पेश गर्ने व्यवस्था गरिएको छ। विधेयकमा खर्चको विवरण मङ्सिर १५, चैत १५ र असार २५ भित्र बुझाएमा पहिला हस्तान्तरण भएका रकम समायोजन गरी बाँकी रहेको शोधभर्ना निकासा दिने व्यवस्था पनि गरिएको छ। वित्तीय सामान्यीकरण अनुदानवापतको खर्च भएको रकमको विवरण प्रदेश र स्थानीय तहले हरेक आर्थिक वर्षको कात्तिक १, माघ १ र वैशाख १ तथा वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन मसान्तभित्र पेश गर्नुपर्ने व्यवस्था विधेयकमा छ।

अर्थमन्त्री खतिवडाले एमसिसी संसदबाट अनुमोदन भएपछि मात्रै अगाडि बढाइने मन्त्री डा बाँकी पृष्ठ २ मा

# बढ्दो ग्राफ, झनै त्रास

**गएको माघ ९ गतेदेखि देखिएको कोभिड-१९ महामारीको संख्या नेपालमा १८११ पुगेको छ भने आठ जनाको मृत्यु भएको छ। एक लाख १३ हजार बढी अझै क्वारेन्टिनमा रहेकाले संक्रमित संख्या अझै बढ्ने देखिन्छ।**

- **संक्रमित संख्या:** १८११

**बढ्दो संक्रमण**

- **शुक्रबार:** १७०
- **शनिबार:** १८९
- **आइतबार:** १६६
- **सोमबार:** २४६



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ जेठ।

कोभिड-१९ को संक्रमण सोमबार एकै दिन २४६ जनामा देखिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार नियमित पत्रकार सम्मेलन गरी एकै अहिलेसम्मकै उच्च संख्यामा संक्रमित पुष्टि गरेको हो। जेठको शुरुबाट बढेको संक्रमित संख्या सोमबारबाट दोहोरो शतकमा पुगेको छ।

मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले विभिन्न प्रयोगशालामा गरिएको परीक्षणमा २२६ जनामा संक्रमण देखिएको बताए। सोमबार देखिएको संक्रमित मध्ये २१३ पुरुष र १३ महिला छन्। यो साता संक्रमितको संख्या हरेक दिन सय भन्दा माथि छ।

आइतबार १६६ जना, गत शनिबार १८९ जना र शुक्रबार १७० जनामा संक्रमित पुष्टि भएको थियो। अहिलेसम्म संक्रमित संख्या एक हजार ७९८ पुगेको छ। संक्रमित मध्ये एक हजार ६६७ जना पुरुष र १३१ जना महिला छन्।

मन्त्रालयको तथ्याङ्क अनुसार, अहिलेसम्म पीसीआर विधिबाट ७१ हजार ९१६ जनामा परीक्षण गरिएको छ। यस्तै आरटीडीबाट एक लाख १३ हजार ७५७ जनाको परीक्षण गरिएको छ। दुवै विधिबाट गरिएको परीक्षणबाट ७० हजार १०५ जनामा कोभिड नेगेटिभ देखिएको थियो भने १८११ मा पोजेटिभ देखिएको छ। यस मध्ये २२१ जना संक्रमित निको भएर घर फर्किएका छन् भने आठ जनाको मृत्यु भएको छ।

देशभरका क्वारेन्टिन बस्नेको संख्या एक लाख १३ हजार ७५७ छ। अर्थात्, क्वारेन्टिनमा रहेका यिनीहरुको परीक्षण गराउँदा झनै संक्रमित बढ्न सक्ने अनुमान गरिएको छ। आइसोलेसनमा बस्नेको संख्या मात्रै १५६९ पुगेको छ।

## परीक्षण नै चुनौतीपूर्ण

प्रदेश नं ५ मा कोभिड -१९ को संक्रमण दर बढ्दै जाँदा यसको परीक्षणमा चुनौती देखिएको छ। प्रदेशमा हाल बाँकेको भेरी अस्पताल, दाङको राप्ती विज्ञान स्वास्थ्य प्रतिष्ठान र रुपन्देहीको भैरहवा गरी तीन स्थानमा कोरोना परीक्षण प्रयोगशाला सञ्चालनमा छन्।

प्रदेश सरकारका सामाजिक विकासमन्त्री सुदर्शन बरालले राष्ट्रिय मानवअधिकार आयोगको प्रदेशस्तरीय कोभिड- १९ मा मानवअधिकार अनुगमन समितिको साप्ताहिक भर्चुअल बैठकमा प्रदेशमा कोरोना परीक्षणको दायरा बढाउन नसक्नु सबैभन्दा चुनौती देखिएको बताए।

यी प्रयोगशालाले समेत परीक्षणको दायरा बढाउन नसक्दा अहिले चार हजार ३९८ संकलित स्वाब परीक्षणका लागि लाइनमा रहेको बैठकमा आज पहिलो पटक सहभागी हुनुभएका मन्त्री बरालले जानकारी दिए। उनले भने, 'परीक्षणको दायरा बढाउन लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा अर्को प्रयोगशाला सञ्चालन गर्दैछौं।'

प्रदेशमा सोमबार अपराह्नसम्म १५ हजार ६२९ जनाको परीक्षण गरिएकामा ६११ को नतिजा पोजेटिभ देखिएको र १० हजार ६२९ नेगेटिभ देखिएको सामाजिक विकास मन्त्रालयका स्वास्थ्य महाशाखा प्रमुख डा उमाशंकर चौधरीले जानकारी दिए। उनले भने, 'यो तथ्याङ्क बाँकी पृष्ठ २ मा

**बाँके दुर्घटना**

# भारतबाट फर्किएका १२ जनाको मृत्यु

**बाँके/रासस–** बाँकेको राप्तीसोनारी गाउँपालिका २ स्थित पूर्वपश्चिम राजमार्गमा आइतबार राति भएको दुर्घटनाका मृतकको सनाखत भएको छ। दुर्घटनामा मृत्यु भएका मध्ये ११ जनाको नाम खुलेको छ। एक जनाको सनाखत हुन बाँकी छ। नाम खुले पनि ठेगाना पहिचान नभएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक हृदय सापकोटाले जानकारी दिए।

उनका अनुसार पहिचान भएकामा बुद्धिराम विक, भीमबहादुर विक, दिलबहादुर विक, नरेन्द्र विक, मोहनचन्द्र विक, रामबहादुर पुन, पूर्णबहादुर पुन, सीता पुन, दानबहादुर खड्का, पवन भण्डारी र रितेश खड्काको पहिचान भएको छ।

दुर्घटनामा घाइते २१ जना मध्ये चार जनाको अवस्था गम्भीर छ। उनीहरुको भेरी अस्पताल नेपालगञ्जमा उपचार भइरहेको छ। दुर्घटनामा परेकाहरु सबै भारतबाट आएका हुन्। घाइते हुनेमा अधिकांश सल्यानका छन्। सबै भारतबाट आएकाले कोरोना परीक्षण गरिएकामा सबैको नेगेटिभ रिपोर्ट आएको भेरी अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा प्रकाश थापाले जानकारी दिए।

घाइते हुनेमा धेरै जना सल्यानका छन्। घाइते हुनेमा सल्यान शारदा नगरपालिका-६ कजेरीकी २९ वर्षीया टीका चलाउने, बनगाड कुपिन्डे नगरपालिका-६ घाँजरीका २० वर्षीय मीनराज विक र ५२ वर्षीय दीपबहादुर बुढा छन्।

सल्यान सिद्धकुमाख गाउँपालिका-५ छापडाँडाका १८ वर्षीय धनबहादुर बोहरा, २६ वर्षीय निमबहादुर वली, दहका ४० वर्षीय तेजबहादुर बुढाथोकी, १८ वर्षीय देवेन्द्र खड्का, १७ वर्षीय ज्ञानबहादुर बाँकी पृष्ठ २ मा

# '८० प्रतिशत व्यवसायी नाजुक अवस्थामा'

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ जेठ

कोरोना भाइरस (कोभिड-१९) को विश्वव्यापी महामारीका कारण व्यवसाय बन्द भएपछि व्यवासायका लागि करोडौं लगानी गरेका कतिपय वैदेशिक रोजगार व्यवसायी साँझ बिहान हातमुख जोड्न नसक्ने नाजुक अवस्थामा पुगेका छन्। वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार हाल वैदेशिक रोजगार व्यवसायीहरुका ८ सय ५४ वटा संस्था कार्यरत रहेका छन्। कोरोना भाइरसका कारण नेपाली कामदार वैदेशिक रोजगारीमा जान नपाएपछि उनीहरुमध्ये ८० प्रतिशत नराम्रोसँग प्रभावित हुने देखिएको छ।

केही वैदेशिक रोजगार व्यवसायीहरुको जलश्रोत, व्यवसायिक कृषि, अस्पताल र रेमिट्यान्स लगायत कम्पनीमा लगानी रहेको छ। त्यस्ता व्यवसायीहरुलाई दैनिकी सञ्चालनमा समस्या नभएपनि अधिकांश वैदेशिक रोजगार व्यवसायीहरुको लगानी वैदेशिक रोजगार व्यवसायमा मात्र रहेको छ। उनीहरु सामान्य दैनिकी सञ्चालनको समस्यामा पर्न सक्ने आँकलन गरिएको छ।

कोरोना भाइरस संक्रमणपछि व्यवसायीहरुको आर्थिक अवस्थावारे अध्ययन गरेका नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित कुमार श्रेष्ठले ८० प्रतिशत व्यवसायी पूर्णरुपमा वैदेशिक रोजगार व्यवसायमा मात्र निर्भर रहेको पाइएको बताए। उनले भने, 'कोरोना भाइरसको संक्रमण लम्बिदै जाँदा विगतमा बाढी पहिरो, भूकम्प जस्ता विपद्को अवस्थामा राहत जुटाएर सामाजिक सेवा गरेका व्यवसायी अहिले आफैं कसरी बाँच्ने भन्ने गम्भीर अवस्थामा पुगेका छन्।

महासचिव श्रेष्ठले सक्रिय रहेकामध्ये करिब २ सय ५० म्यानपावर कम्पनीमा ५ देखि २० जना र बाँकी ६ सय कम्पनीमा ५ देखि १० जना कामदार रहेको र कम्पनी बन्द हुँदा उनीहरुले पनि विगत साढे तीन महिनादेखि रोजगारी गुमाएको बताए।

नेपाल सरकारको कोरोना भाइरस रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले फागुन २९ गतेदेखि वैदेशिक रोजगारीमा जाने श्रम स्वीकृति स्थगन गर्ने निर्णग गरेको थियो। त्यसको भोलिपल्ट फागुन ३० देखि म्यानपावर कम्पनी बन्द रहेका छन्।

म्यानपावर कम्पनीहरुले नगद ५० लाख धरौटी वापत सवा ४ अर्ब र न्यूनतम १ करोड ५० लाख रुपैयाँको बैंक ग्यारेन्टी वापत करिब १३ अर्ब रुपैयाँ बराबरको बैंक ग्यारेन्टी राखेका छन्। व्यवसाय बन्द भएपनि अधिकांशले बैंकको व्याज तिरिरहेका छन्।

संघले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अर्थ मन्त्रालय समक्ष घरभाडा, कर्मचारीको तलव तथा ईजाजतपत्रका लागि बैंकबाट लिएको ऋणको साँवा तथा व्याज भुक्तानी गर्न समस्या रहेकोले धरौटी वापत राखिएको न्यूनतम ५० लाख रुपैयाँ धरौटी एक वर्षका लागि फिर्ता गरिदिनुपर्ने लगायतका माग राखेको थियो। त्यस्तै माग सरकार नजीक रहेको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको थियो। तर संसदमा पेश भएको आर्थिक वर्ष २०७७/०७८ को बजेटमा ती पक्षको संवोधन नभएपछि संकटमा रहेका व्यवसायीहरुलाई थप निराश बनाएको छ।

संघका अध्यक्ष विष्णु गैरेले कोरोना भाइरसको संक्रमण अघिसम्म मुलुकको अर्थतन्त्रमा एक चौथाई हिस्साको योगदान दिएको क्षेत्रलाई चलायमान बनाउन व्यवसायीहरुको बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## 'एक सय'को समस्या समाधान गर्न कार्यदल गठन

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले म्यानपावर कम्पनीहरुको ईजाजतपत्र नवीकरण गर्न वार्षिक एकसय जना कामदार पठाएको हुनुपर्ने व्यवस्थाले उत्पन्न गरेको समस्या समाधानका लागि सिफरिश पेश गर्न एक कार्यदल गठन गरेको छ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र तराई लोकतान्त्रिक वैदशिक रोजगार व्यवसायी फोरमका प्रतिनिधि एवं संघका पूर्व अध्यक्षहरु साहितको टोलीले आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवलालाई भेटी समस्या अवगत गराएका थिए।

त्यसपछि श्रममन्त्री यादवले मन्त्रालयका सहसचिव उमेश ढुंगानाको संयाजकत्वमा ३ सदस्यीय कार्यदल गठन गरेका हुन्। कार्यदलमा वैदेशिक रोजगार विभागका महानिर्देशक कुमार दाहाल र मन्त्रालयका कानून उपसचिव सदस्य रहेका छन्। कार्यदलले सकेसम्म छिटो प्रतिवेदन दिने बताइएको छ। बाँकी पृष्ठ २ मा

समानता, स्वतन्त्रता र न्यायको लागि आफ्नो अधिकारप्रति सजग र सचेत होऔं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# जनता समाजवादीद्वारा संविधान संशोधन विधेयक दर्ता

**काठमाडौं/मस-** जनता समाजवादी पार्टी (जसपा) का नेताहरुले संविधान संशोधनको विधेयक दर्ता गराएका छन् । तत्कालीन राजपा नेपालका सांसद लक्ष्मण लाल कर्ण र समाजवादी दलका सांसद राजेन्द्रप्रसाद श्रेष्ठले संयुक्त रुपमा सोमबार संघीय संसद सचिवालयमा नेपालको संविधान (दोश्रो संशोधन) विधेयक, २०७७ दर्ता गराएका हुन् ।

यसअघि शुक्रबारै संविधान संशोधन विधेयक लिएर गए पनि प्रस्ताव दर्ता नगर्दै सचिवालयले पछि आउन भनेको थियो ।

संशोधन प्रस्तावमा भाषा, नागरिकता, राष्ट्रियसभाको संरचना, संघीय सीमांकन आयोग गठन र संविधानको धारा २७४ को उपधारा ७ संशोधन गर्न गर्ने विषय समावेश छन् ।




संविधानको धारा ६ मा 'नेपाल सरकारले भाषा आयोगको सिफारिसमा सबै मातृभाषाहरुलाई संविधानको अनुसूचीमा समावेश गर्नेछ' भन्ने वाक्यांश थप गर्नुपर्ने ठाकुरको संशोधन प्रस्तावमा उल्लेख छ । त्यस्तै, संविधानको धारा २८७ मा संघीय आयोग गठनको व्यवस्था थप गर्न माग गरिएको छ । प्रदेशको संख्या तथा सीमाङ्कन हेरफेरसम्बन्धी विषयमा सिफारिस गर्न नेपाल सरकारले एक संघीय आयोग गठन गर्न सक्नेछ र त्यसको कार्यादेश तथा कार्यविधि आयोग गठन गर्दा सरकारले निर्धारण गरेबमोजिम हुने व्यवस्था गर्नुपर्ने संशोधन प्रस्तावमा उल्लेख छ ।

त्यस्तै, संविधानको धारा ७ मा पनि संशोधन हुनुपर्ने ठाकुरको माग छ । 'भाषा आयोगको सिफारिसमा नेपाल सरकारले सरकारी कामकाजको भाषा भनि निर्णय गरिएका भाषालाई संविधानको अनुसूचीमा समावेश गर्नेछ' भन्ने व्यवस्था धारा ७ मा थप गर्नुपर्ने उल्लेख छ। त्यस्तै, नेपालीसँग विवाह गरेर आएकी विदेशी महिलाले आफ्नो देशको नागरिकता त्याग्ने कारबाही चलाएपछि वैवाहिक अंगीकृत नागरिकता लिनसक्ने व्यवस्था राख्नुपर्ने भन्दै संविधानको धारा ११ को उपधारा ६ मा संशोधन गर्नुपर्ने ठाकुरको प्रस्ताव छ ।

# देशभर ८२ जनामा डेंगु संक्रमण

**काठमाडौं/मस-** डेंगु संक्रमण ८२ जनामा देखिएको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ । महाशाखाका प्रमुख डा. वासुदेव पाण्डेले डेंगु रोगको संक्रमण ८२ जनामा देखिएको बताए । 'गत पुषयता देशका २६ जिल्लामा डेंगुको संक्रमण देखिएको छ,' उनले भने, 'एडिज एजिप्टी नामक लाम्खुट्टेको टोकाइबाट सर्ने यो रोग नेपालमा सामान्यतया वैशाखदेखि मंसिरसम्म देखिने गरेको छ ।'

उनका अनुसार यस रोगका लक्षणहरु एक्कासी ज्वरो आउने, आँखाको गेडी दुख्ने, डावर आउने, नाक तथा गिजाबाट रक्तश्राव गराउने आदि हुन् । यो लाम्खुट्टे पानी जम्ने स्थानहरुमा बस्ने हुँदा फूल राख्ने भाडा, टायर ,गमला आदिमा सफा गर्ने र पानी जम्न दिन नहुने उनले जानकारी दिए ।



गत पुसदेखि हालसम्म देशका २६ जिल्लामा डेंगुको संक्रमण देखिएको महाशाखाले जनाएको छ। महाशाखाका प्रमुख डा.पाण्डेका अनुसार सबैभन्दा बढी रुपन्देहीमा डेंगुको संक्रमण देखिएको छ । जसमा ३५ संक्रमित छन् ।

त्यसैगरी, स्याग्दीमा १२ जना, कास्की १० जना, काठमाडौंमा ७ जना, बाग्लुङ २, ललितपुर ४ जना, सुनसरीमा ४, मोरङ ३, कपिलवस्तुमा ३ जना, तेरथुममा २, बाँके १, नुवाकोट २, कैलाली २, धनकुटा २, धादिङमा २ जनामा डेँगुको संक्रमण देखिएको उनले बताए ।

त्यस्तै, मकवानपुर, गोर्खा, नवलपरासी, पाल्पा, झापा, दाङ, डडेलधुरा, रामेछाप, बाँके उदयपुर, पश्चिम नवलपरासी, तनहुँमा १/१ जनामा डेंगु देखिएको छ ।

उनले भने, 'गत वर्ष देशका ६८ जिल्लामा डेंगुको संक्रमण देखिएको थियो । १६ हजार मानिस यसको संक्रमित भएका थिए । जसमा ६ जनाको यसै रोगबाट मृत्यु भएको थियो ।'

# विभिन्न जिल्लाका प्रजिअको सरुवा




**काठमाडौं/मस-** गृह मन्त्रालयले विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीलगायत कर्मचारीको सरुवा गरेको छ । गृह मन्त्रालयको यही जेठ १८ गतेको निर्णयअनुसार सहसचिव, उपसचिव, प्रजिअ र सहायक प्रजिअ गरी ४४ कर्मचारीको सरुवा, काज र पदस्थापन गरिएको हो ।

मन्त्रालयले सोमबार जारी गरेको सार्वजनिक सूचनाअनुसार सुर्खेतका प्रजिअ रमेश न्यौपानेलाई पाल्पाको प्रजिअमा सरुवा गरिएको छ । पाल्पाका प्रजिअ यादव सुवेदीलाई गृह मन्त्रालयमा पदस्थापन गरिएको छ । गृहका हिरालाल रेग्मीलाई भने सुर्खेतको प्रजिअमा सरुवा गरिएको छ ।

यस्तै महोत्तरीका प्रजिअ सूर्यबहादुर खत्रीलाई इलाका प्रशासन कार्यालय चन्दौटा, काठमाडौंका सहायक प्रजिअ कृष्णबहादुर कटुवाललाई महोत्तरीको प्रजिअ, इलाका प्रशासन कार्यालय फर्पिङका चन्द्रप्रसाद गैरेलाई कालीकोटको प्रजिअ बनाएर सरुवा गरिएको छ । कालिकोटका प्रजिअ कृष्णचन्द्र पौडेललाई भने इलाका प्रशासन कार्यालय लेखनाथ कास्की पठाइएको छ ।

डोटीका प्रजिअ टेकनारायण पौडेललाई अध्यागमन विभाग, उदयपुरका सहायक प्रजिअ भीमप्रसाद भट्टराईलाई डोटीको प्रजिअमा पठाइएको छ । बर्दियाका प्रजिअ प्रेम लामिछानेलाई गृह मन्त्रालय ल्याइएको छ । दार्चुलाका प्रजिअ यदुनाथ पौडेललाई धनुषाको सहायक प्रजिअ, धनुषाका सहायक प्रजिअ शरदकुमार पोखरेललाई दार्चुलाको प्रजिअमा पठाइएको छ । ओखलढुङ्गाका प्रजिअ गणेश आचार्यलाई डिल्लीबजार कारागार कार्यालय र गृह मन्त्रालयका उपसचिव कृष्ण पौडेललाई ओखलढुङ्गाको प्रजिअ बनाएर पठाइएको छ ।

सङ्खुवासभाका प्रजिअ जीवन दुलाललाई काठमाडौंको सहायक प्रमुख जिल्ला अधिकारीमा सरुवा गरिएको छ। काठमाडौंका सहायक प्रजिअ जीवन आचार्यलाई भने सङ्खुवासभाको प्रजिअमा पठाइएको छ । गृहका नरेन्द्रकुमार रानालाई रोल्पाको प्रजिअ, सुनसरीका सहायक प्रजिअ चिरञ्जीवी गिरीलाई हुम्लाको प्रजिअ र हुम्लाको प्रजिअ विनिता भट्टराईलाई त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा पठाइएको छ ।

बझाङका प्रजिअ उमेश पाण्डेलाई झापाको सहायक प्रजिअ, इलाका प्रशासन कार्यालय लहानका कमलराज भण्डारीलाई बझाङको प्रजिअ, झापाका सहायक प्रजिअ जयकुमार घिमिरेलाई सप्तरीको प्रजिअ, सुनसरीका सहायक प्रजिअ डा कृष्णबहादुर घिमिरेलाई इलाका प्रशासन कार्यालय लहान, चन्दौटाका शङ्करबहादुर विष्टलाई इलाका प्रशासन कार्यालय टिकापुर पठाइएको छ ।

# महासंघको आग्रह




**काठमाडौं/मस-** नोभेल कोरोना भाइरका कारण उत्पन्न परिस्थितिबाट आर्थिक रुपमा संकट बेहोरिरहेका र श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेका सञ्चारगृहहरुलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउन नेपाल पत्रकार महासंघले सरकारसँग आग्रह गरेको छ। नेपाल पत्रकार महासंघको केन्द्रीय समितिको उपलब्ध पदाधिकारी र सदस्यहरुको बैठकले सोमबार लकडाउनको अवधिमा अधिकांश सञ्चारगृहमा श्रमजीवी पत्रकारको अवस्था जटिल रहेको देखाएको र विशेष गरी ठूला सञ्चारगृहमा कार्यरत पत्रकार नै बढी मात्रामा समस्यामा परेको, कतिपय सञ्चारगृहमा व्यवस्थापन पक्षले नियमित पारिश्रमिक नदिएका कारण दैनिक गुजारा गर्न कठिनाइ देखिएको र श्रमको मूल्य नपाएका कारण पत्रकारहरु प्रताडित बनेकोसमेत महासंघले जनाएको छ ।महासंघका महाश्रमजीवी पत्रकारको बाँकी रहेको तलब तत्काल भुक्तानी गर्न, पत्रकारलाई जबरजस्ती जागिरबाट नहटाउन, तोकिएको पारिश्रमिक एकतर्फी ढंगले कटौती नगर्न तथा पत्रकारहरुलाई पेसाबाट विस्थापित नहुने वातावरण सुनिश्चित गर्न नेपाल सरकार, मिडिया सञ्चालकसहित सरोकारवाला निकायलाई गम्भीर ध्यानाकर्षण गराएको छ । साथै श्रमजीवी पत्रकारको हक, हित र अधिकारका पक्षमा निरन्तर दबावमूलक र कानुनी संघर्ष अघि बढाउने निर्णयसमेत गरेको छ।

संकट र जोखिमपूर्ण अवस्थामा अग्रभागमा रहेर जनतालाई सुसूचित गर्ने दायित्व निर्वाह गरिरहेका सञ्चारकर्मी र सञ्चारामाध्यमका प्रमुख समस्या समाधानका लागि आव २०७७/०७८ को बजेटले सम्बोधन गर्न नसकेको महासंघको निष्कर्ष छ ।

# भालुवाहीमा स्वास्थ्य चौकी भवन उद्घाटन

**शुभ नारायण कामती/मध्यान्ह**
सिरहा, १९ जेठ

कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणका लागि सरकारले गरेको लकडाउनकाबीच सामाजिक दुरी कायम गर्दै सिरहाको सिरहा नगरपालिका वडा नं. ११ भलुवाहीमा नव-निर्मित स्वास्थ्य चौकी भवनको एक कार्यक्रमकाबीच उद्घाटन गरिएको छ ।





स्वास्थ्य चौकी भलुवाहीका व्यवस्थापन समिति अध्यक्ष तथा सिरहा नगरपालिका वडा नं. ११ का वडाअध्यक्ष बिनोद कुमार कामतीको अध्यक्षता, नगरपालिकाका प्रमुख अशेश्वर प्रसाद यादवको प्रमुख आतिथ्यता तथा सिरहा नगरपालिका ११ का वडा सदस्यहरु, स्वास्थ्य चौकी व्यवस्थापन समितिका सदस्यहरु, स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादव, बिष्णुपुर गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख राम सेवक राय, स्वास्थ्य चौकी भलुवाहीका इन्चार्ज सिअहेव जय नारायण यदवको आतिथ्यतामा भएको भवन उद्घाटन कार्यक्रममा विभिन्न पार्टीका पार्टी प्रतिनिधि, बुद्धिजिवी, समाजसेवी, शिक्षक, कर्मचारी, विद्यार्थीहरु एवं संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा नगर प्रमुख यादवले कोरोना भाइरसको संक्रमणबाट जोगिन लकडाउनलाई कडाईका साथ पालना गर्नुपर्ने बताए । उनले हालसम्म कोरोना भाइरस नियन्त्रण गर्न कुनै पनि औषधि बन्न नसकेकोले घरमै बसी सुरक्षित रहनुको विकल्प नभएकोमा जोड दिए ।

# 'सोती घटनाको प्रतिवेदन छिट्टै बुझाउँछौं'

**काठमाडौं/मस-** रुकुम(पश्चिम) को चौरजहारी नगरपालिका -८ सोतीमा भएको घटनाको छानबिन गर्न सरकारले गठन गरेको उच्चस्तरीय छानबिन समितिका संयोजक जीतेन्द्र बस्नेतले घटनाको सत्यतथ्य छानबिन भइरहेको बताएका छन् । उनले समितिले घटनाको सत्यतथ्य छानबिन गरिरहेको र छिट्टै प्रतिवेदन तयार पारी गृह मन्त्रालयलाई बुझाइने पत्रकारलाई बताए ।

'हामीले मृतक पक्ष, सोती गाउँका बासिन्दा, केटीका परिवार तथा आफन्त, अधिकारकर्मी, दुवै जिल्लाका सुरक्षा निकाय, पत्रकारलगायतसँग भेटी घटनाको सूक्ष्म तरिकाले अनुसन्धान गरिरहेका छौं', उनले भने, 'घटनाको जरोमा पुगेर सत्यतथ्य पत्ता लगाई हाम्रो समितिलाई दिइएको म्याण्डेट र समयअनुसार अध्ययन प्रतिवेदन तयार पारेर सरकारलाई बुझाउँछौं ।'



घटनाबारे बाहिर आएका र आफूहरुले विभिन्न तवरबाट गरेका छलफलमा आएका कुरालाई पनि सूक्ष्म रुपमा हेरिरहेको संयोजक बस्नेतले बताए । काठमाडौँबाट जाजरकोट पुगेको टोली त्यहाँ अध्ययनअनुसन्धान गरी यहाँ आएको हो । टोलीले घटनास्थल सोती गाउँमा पुगेर घटनाका बारेमा अनुसन्धान गरेको छ। अनुसन्धानकै क्रममा टोलीले आज जिल्लास्थित पत्रकारसँग छलफल गरेको हो ।

त्यस्तै टोलीले जिल्लास्थित दलित अधिकारकर्मीसँग पनि भेट गरेको प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौडेलले जानकारी दिए । सोतीमा भएको घटनाको सत्यतथ्य छानबिन गरी रायसहितको प्रतिवेदन पेश गर्न गृह मन्त्रालयका सहसचिव बस्नेतको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको छ ।

अन्तरजातीय प्रेमसम्बन्धका कारण भएको भनिएको घटनामा परी जाजरकोटका चार र रुकुम(पश्चिम)का एक गरी पाँच जनाले ज्यान गुमाएका थिए। जाजरकोटका एक युवक अझै बेपत्ता छन् । भेरी नगरपालिका- ४ का नवराज विक, सञ्जु विक र गणेश बुढा तथा भेरी-११ का लोकेन्द्र सुनार र चौरजहारी नगरपालिका -१ का टीकाराम नेपालीको शव भेरी नदीमा फेला परेको थियो। भेरी - ११ जाजरकोटका गोविन्द शाही अझै बेपत्ता छन् ।

## अर्थमन्त्रीको....

खतिवडाले बताए । अर्थमन्त्री खतिवडाले सरकारका तर्फबाट यही जेठ १५ गते रु १४ खर्ब ७४ अर्ब ६४ करोड बराबरको बजेट प्रस्तुत गरेका छन् ।

ब्यूताइदै साविक ऐन

प्रतिनिधिसभाको बैठकमा 'केही अध्यादेश खारेज गरी नेपाल ऐनको साविकको व्यवस्था जगाउन बनेको अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक २०७७' प्रस्तुत गरिएको छ । कानून, न्याय तथा संसदीय मामिलामन्त्री डा शिवमाया तुम्बाहाङ्फेले उक्त विधेयक सदनमा प्रस्तुत गरेकी हुन् । अध्यादेश निष्क्रिय हुनुअगावै सो अध्यादेशले जगाएको ऐनको साविककै कानूनी व्यवस्था कायम गरी निरन्तरता दिनुपर्ने भएकाले अध्ययादेशको व्यवस्थालाई प्रतिस्थापन गर्न उक्त विधेयक ल्याइएको उनले बताइन् ।

'संवैधानिक परिषद्को काम, कर्तव्य, अधिकार र कार्यविधिसम्बन्धी ऐन २०६६' र 'राजनीतिक दलसम्बन्धी ऐन २०७३' तत्काल संशोधन गर्नुपर्ने आवश्यकता भएकाले ती ऐनका केही व्यवस्थालाई संशोधन गरी गत वैशाख ८ गते दुवै ऐन संबोधन गरी अध्यादेश जारी भएको थियो ।

अध्ययादेश जारी हुनुअघि नै रहेको व्यवस्था नै यथावत् कायम गर्नुपर्ने अवस्था उत्पन्न भएकाले वैशाख १२ मा केही अध्यादेश खारेज गरी साविककै कायम गरिएको थियो। दुवै सदनबाट स्वीकृत उक्त अध्यादेश नेपालको संविधानअनुसार दुवै सदनको बैठक बसेको ६० दिनभित्र स्वतः निष्क्रिय हुनेछ ।

## बढ्दो ...

हरेक घण्टामा अपडेट हुन्छ ।'

प्रदेश नं ५ का १२ जिल्ला मध्ये संक्रमणको सबैभन्दा उच्च जोखिममा कपिलवस्तु देखिएको छ जहाँ ३०८ संक्रमित देखिएका छन् । यो तथ्याङ्क प्रदेशको कुल संक्रमितको झण्डै ५० प्रतिशत हो।

जिल्लागत रुपमा दोस्रोमा बाँके छ जहाँ १८९ संक्रमित छन् ।रुपन्देहीमा ५०, दाङमा ३६ र बर्दियामा १० संक्रमित छन् । प्रदेशका पहाडी जिल्लामा पनि पछिल्लो समयमा संक्रमित देखिन थालेका छन् । गुल्मीमा कोरोना संक्रमण भएका एक शिक्षकको रुपन्देहीको क्रिमसन अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ ।

गुल्मीमा गाउँपालिका प्रमुख नै कोरोना संक्रमित छन् । यसबाहेक अन्य दुई गरी गुल्मीमा चार संक्रमित फेला परेको स्वास्थ्य महाशाखा प्रमुख चौधरीले जानकारी दिए ।

अर्घाखाँची, रुकुम(पूर्व) र पाल्पामा तीन तीन एवं नवलपरासी(बर्दघाट सुस्ता पश्चिम)मा एक संक्रमित पत्ता लागेको तथा प्युठान र रोल्पामा संक्रमण नदेखिएको जनाइएको छ । प्रदेशमा हालसम्म गुल्मीका शिक्षकसहित भारतबाट फर्कंदै गरेका अर्घाखाँचीका एक र बाँकेको नरैनापुरको क्वारेन्टिनमा बसेका एक युवकसहित तीन जनाको ज्यान गएको छ ।

## '८० प्रतिशत...

आत्मबल उकास्दै मन्त्रालय र विदेशस्थित कूटनीतिक नियोगहरु पचिलान गर्नु अनिवार्य रहको तर त्यस अनुसार कार्यक्रम नआएपछि व्यवसायीहरु बढी समस्यामा परेको बताउँछन् ।

कोरोना भाइरसको माहामारीका कारण भारतबाट दश लाख, खाडी मुलुहरुबाट साढे पाँच लाख र आन्तरिक श्रम बजारमा वर्षेनी प्रवेश गर्ने गरी ५ लाख नेपाली श्रम बजारमा करिब २२ लाख युवा युवती आउने भन्दै संघका अध्यक्ष गैरेले यी सबैलाई नेपाली श्रम बजारले नधान्ने भएकोले नेपालको बेरोजगारी समस्या समाधान गर्न योगदान दिएको वैदेशिक रोजगार क्षेत्रलाई ध्यान नदिँदा शुरुमा व्यवसायी पीडित भएपनि अन्ततः त्यसले देशको अर्थव्यवस्थालाई नै नोक्सान गर्ने भएकाले व्यवसायीहरुका समस्या सुनिनुपर्ने अध्यक्ष गैरेले बताए ।

कोरोना कहर कति लामो समय रहला ? सबैले यो प्रश्नको उत्तर खोजी हरेका छन् । तर नेपाली कामदारका प्रमुख रोजगार गन्तव्यहरुमा कोरोना संक्रमणकाबीच पनि आर्थिक गतिविधि शुरु भएको छ । वैदेशिक रोजगार विभागका महानिर्देशक कुमार दाहाल महामारीको असर बढीमा ६ महिनासम्म रहने र विस्तारै सहज हुने आँकलन गरिएको बताउँछन् ।

वैदेशिक रोजगारीमा जाने नेपाली युवाहरुको आकर्षण भने कोरोना महामारीबीच पनि घटेको छैन । कोरोना माहामारीकाबीच नेपाली युवाहरु रोजगारीका लागि कोरिया र जापान उडिसेकेका छन्। अन्तर्राष्ट्रिय उडान शुरु भए खाडी र मलेसिया जान चाहनेको भीड विमानस्थलमा खचाखच हुने कतिपयको विश्लेषण रहेको छ ।

विज्ञहरु भन्छन्, 'विगतमा महामारीका पटक-पटकका श्रृंखाला व्यहोरेको मानवजाती मृत्युदेखि डराउँदैन, मृत्युदेखि डराएको भए मानवजातीले जुन प्रगति गरेको छ त्यो सम्भव नै थिएन ।'

## "एक...

कोरोना भाइरस संक्रमणले मुलुकभर लकडाउनको निर्णयपछि तत्काल राहत प्रदान गर्ने विषयमा निर्णय लिन बसेको मन्त्रिपरिषद्को चैत १६ गतेको बैठकले ईजाजतपत्र नवीकरणका लागि वार्षिक रुपमा सय जना कामदार पठाएको हुनुपर्ने अनिवार्य प्रावधान हटाउन वैदेशिक रोजगार ऐन २०६४ संशोधन गर्ने निर्णय गरेको थियो ।

गत वर्ष फागुनमा केही नेपाल ऐनलाई संशोधन गर्ने कानूनले वैदेशिक रोजगार ऐन र भदौ १ गते वैदेशिक रोजगार (पाँचौं संशोधन) नियमावलीमा म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्न पछिल्लो दुई आर्थिक वर्षमा प्रत्येक वर्ष कम्तीमा एकसय जना कामदार वैदेशिक रोजगारमा पठाएको प्रमाणित हुने कागजात समावेश गरिनुपर्ने व्यवस्था गरिएको छ ।

चैत १८ गते अर्थ मन्त्रालयमार्फत सार्वजनिक भएको राहत सम्वन्धी प्रशासनीक तथा नियमनकारी क्षेत्रका छुट तथा सहुलियतहरु शिर्षकको (ङ) मा वैदेशिक रोजगारमा १०० जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाहरुको खारेजी हुने हालको व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रकृया अघि बढाउने उल्लेख छ । तर उक्त निर्णय भएको दुई महिना वितिसक्दासमेत त्यसलाई मन्त्रालयले कार्यान्वयनमा लैजान सकेको थिएन ।

मन्त्रिपरिषद्ले छुट दिने गरी भएको निर्णय कार्यान्वयनमा नलगिएपछि व्यवसायीहरुको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघ लगायत प्रमुख दल निकट वैदेशिक रोजगार व्यवसायीका संगठनदेखि जातीय तथा भेगीय संस्थाहरुले मन्त्रालयप्रति गुनासो गर्दै आइरहेका थिए ।

## बाँके...

बोहरा, वडा नं ४ चाँदेका २८ वर्षीय लोकेश घर्ती र २६ वर्षीय शिव भण्डारी रहेका छन् भने एक जनाको नाम र ठेगाना खुलेको छैन।

दाङ घोराही उपमहानगरपालिका-५ धर्नाका ४५ मेघराज केसी, राजपुर गाउँपालिका-६ ग्रामीखोलाका २० वर्षीय दीपेश चौधरी, राजपुर गाउँपालिका-२ रैनियाका २१ वर्षीय जीवन घर्ती, गढवा गाउँपालिका-६ भानपुरका २० वर्षीय भरत थापा, तुलसीपुर उपमहानगरपालिका-२ खैरीकोटका ३९ वर्षीया विष्णु गिरी र २३ वर्षीय रुपलाल केसी घाइते भएका छन् ।

घाइते हुनेमा रोल्पाको त्रिवेणी गाउँपालिका-७ का १७ वर्षीय सुनिल परियार, २० वर्षीय वीरेन्द्र परियार, १८ वर्षीय पुरन परियार, टुटुका ४० वर्षीय दिलबहादुर विक र दुईखोली गाउँपालिकाका कुरेलीका ५२ वर्षीय नरबहादुर विक रहेका छन् । दुर्घटनामा परी मृत्यु भएकाको पहिचान नभएको र उनीहरुको शव अस्पतालमै राखिएको प्रहरीले जनाएको छ ।

नेपालगञ्जबाट सल्यान जाँदै गरेको ना ५ ख ५९९५ नंको फोर्स गाडी राप्ती सोनारी गाउँपालिका-१ अगैया नजिकै पूर्वपश्चिम राजमार्गको ठुरिया जङ्गलमा रोकिराखेको बा ४ ख ९०६४ नंको ट्रकमा ठोक्किँदा आइतबार राति १२ जनाको मृत्यु भएको थियो ।

# काभ्रेका क्वारेन्टिनमा दैनिक सय

**काभ्रे/रासस-** एक सातादेखि भारतबाट दैनिक सयको हाराहारीमा काभ्रेपलाञ्चोकका नागरिक जिल्ला फर्किरहेका छन् । उनीहरुलाई स्थानीय क्वारेन्टिनमा राखिएको छ । हालसम्म करिब पाँच सय भारतबाट आएका छन्। कोभिड-१९ रोकथाम तथा नियन्त्रण जिल्ला कमाण्ड पोष्टका सदस्य एवम् जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा.नरेन्द्र झाले भारतबाट पछिल्ला दिनमा दैनिक सयको हाराहारिमा जिल्लावासी आउन थालेको बताए । उनले भने, 'अब क्वारेन्टिन र बेड थप्नुपर्ने देखिन्छ ।' क्वारेन्टिनमा बसेका तथा समयावधि सकिएपछि पनि कोरोना भाइरसको सङ्क्रमण देखिएकाको परीक्षण गरिनेछ । सङ्क्रमण नदेखिएकालाई 'होम क्वारेन्टिन' बसाइनेछ ।

कोरोनाको जोखिम बढेदै गएपछि काभ्रेका १३ स्थानीय तहलगायत विभिन्न संघसंस्थामा ३४२ बेडको क्वारेन्टिन व्यवस्थित गरिएकोमा भारतबाट जिल्ला फर्कन थालेपछि त्यसमा थप गरी ६६५ बनाइएको छ । भारतबाट जिल्ला फर्कने क्रम जारी रहेकाले आवश्यकता अनुसार थप्दै जाने केन्द्र संयोजक एवं प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सनाले बताए । 'हजारबढी जिल्लाका बासिन्दा भारतमा बस्दै आएको तथ्याङ्क देखिन्छ, सबै फर्कंदा बेड अपुग हुने हुँदा थप्ने योजना बनाइरहेका छौं,' उनले भने। धुलिखेल अस्पतालमा आठ र बनेपास्थित शिरमेमोरियल अस्पतालमा पाँच बेडको आइसोलेसन कक्ष छ ।

शुक्रबार ८५, शनिबार ९९, आइतबार ९३ र आज ११८ जिल्ला फर्किएकालाई स्थानीय क्वारेन्टिनमा राखिएको छ । मजदूरीलगायत विभिन्न कामका सिलसिलामा जिल्लाका एक हजार १२५ भारतमा रहेको केन्द्रले जनाएको छ । भारतलगायत विभिन्न देशमा ११ हजार ५८७ काभ्रेका नागरिक रहेको जनाइएको छ ।

गतसाल माघ महिनायता ४५१ विदेशिएका काभ्रेली घर फर्किएका थिए । त्यतिबेला भने २७ देशबाट घर फर्किएकामध्ये भारतपछि दुवईबाट फर्कनेको सङ्ख्या अधिक रहेको थियो । यसैबीच, जिल्लामा र्‍यापिड डायग्नोष्टिक टेष्ट (आरडीटी) किटको अभाव रहेको छ ।

# एन्फाको ७० करोडको बजेट पेश




**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १९ जेठ

अखिल नेपाल फुटबल संघ एन्फाले आउँदो आर्थिक बर्षका लागि ७० करोडको बजेट पेश गरेको छ । विभिन्न कार्यक्रम सञ्चालन तथा प्रशासन खर्चका लागि एन्फाले यो बजेट बनाएको हो । एन्फाको सोमबार बसेको कार्यसमितिको बैठकले २०७७-७८ का लागि फिफा, एएफसी र आन्तरीक स्रोतबाट जुटाउने गरेर यो बजेट बनाएको हो । जसमा ५६ प्रतिशत बजेट फिफाको स्रोता, १० प्रतिशत एएफसी र ३४ प्रतिशत आन्तरीक स्रोतबाट जुटाउने बताएको छ । कोषाध्यक्ष रविन्द्र जोशीले पेश गरेको बजेट भदौ १५ मा बस्ने साधारण सभाले अनुमोदन गर्ने छ ।

यसका साथै फिफाले कोरोना भाइरसबाट प्रभावित भएकालाई राहतका रुपमा दिन भनिएको बजेटमा एक लाख डलर खर्च गर्ने भएको छ । जसमा जिल्ला संघ, खेलाडी र क्लवहरुलाई ७५ हजारका दरले दिने निर्णय गरेको छ भने रेफ्रि, तथा अन्य विभागलाई १५ हजारका दरले सहयोग गर्ने निर्णय गरेको छ ।

बैठकमा ललितपुर जिल्ला फुटबल संघका अध्यष पुरुषोत्तम थापाको कारवाही विषयमा असन्तुष्ट पक्षले चर्को विरोध गरेका थिए । जसमा बरिष्ठ उपाध्यक्ष पंकज नेम्वाङका प्यानलका भनिएको दावा लामाले अध्यक्ष विरुद्ध चर्को आलोचना गरेको बताइएको छ ।

उनले थापालाई अनुशासनको कारवाही हुने भए अध्यक्षलाई पनि कारवाही गर्नुपर्ने भन्दै विरोध गरेका थिए । तर बैठकले उनको कारवाहीको निर्णय अनुशासन समितिले गर्ने बताएको छ ।

थापाले आफूमाथि गरिएको कारबाही अवैधानिक रहेको भन्दै राष्ट्रिय खेलकुद परिषद् (राखेप)सहित फिफा, एएफसी लगायतका निकायमा उजुरी दिएका थिए । उनले आफुलाई कारबाही गर्ने वैधानिक अधिकार सचिवालयलाई नभएको भन्दै अवैधानिक कारबाही गर्नेलाई कारबाहीको माग गरेका थिए ।

## एन्फा अध्यक्षलाई कारबाहीको माग

**काठमाडौं, मस-** पछिल्लो समय नेपाली फुटबलको सर्वोच्च निकाय अखिल नेपाल फुटबल संघ एन्फा विवादमा पर्दै आएको छ । एन्फाको वर्तमान नेतृत्वले ललितपुरका अध्यक्ष पुरुषोत्तम थापालाई कारबाही गर्न पत्र काटेपछि पछिल्लो प्रकरण शुरु भएको थियो । सामाजिक सञ्जालमा लेखेकै आधारमा कारबाहीको सिफारिस गरेको नेतृत्वकर्ता कर्मछिरिङ शेर्पाले गोल प्रोजेक्टका विषयमा वेभकुराकानीमा मधेसी समूदायको राष्ट्रियताको विषयमा गरेको टिप्पणी पनि विवादमा परेको थियो । उक्त टिप्पणी प्रति संघीय संसद्को प्रतिनिधिसभाको वैठकमा सांसद्ले कारबाही गर्न माग गरेका थिए । यसैगरी विगतमा पनि वर्तमान नेतृत्व पटक पटक विवादमा पर्दै आएको थियो । अहिले अध्यक्ष शेर्पालाई कारबाहीको माग गर्दै विगतदेखि असन्तुष्ट रहँदै आएका चार जिल्लाका अध्यक्ष प्रधानमन्त्री कार्यालय र युवा तथा खेलकुद मन्त्रालयमा निवेदन दिएका छन् ।

काठमाडौं जिल्ला फुटबल संघका अध्यक्ष विराटजंग शाही, ललितपुर जिल्ला फुटबल संघका अध्यक्ष पुरुषोत्तम थापा, भक्तपुर जिल्ला फुटबल संघका अध्यक्ष गौतम सुजखु र धादिङका अध्यक्ष दीपक खतिवडाले संयुक्त रुपमा हस्ताक्षर गरेर प्रधानमन्त्री कार्यालय एवंम् युवा तथा खेलकुद मन्त्रालयमा निवेदन पेश गरेका हुन् ।

निवदेनमा उनीहरुले एन्फा अध्यक्ष शेर्पा स्वेच्छाकारी ढंगले ब्यक्तिगत आग्रह पूर्वाग्रह राखी ब्यक्तिगत लाभ हासिल गर्दै एन्फा र समग्र फुटबलको हित विपरित कार्य गर्दै आएको आरोप लगाएका छन् ।

उनले गरेका गलत कामहरु समयमा नै नरोकिए फुटबल खेलको अवस्था झनै दयनीय हुने समेत बताएका छन् । उनले फिफा, एएफसी र एन्फाको विधान विपरित काम गरिरहेको भन्ने आरोप पनि लगाएका छन् । उनले पछिल्लो पटक तराई मधेशका जनतामा राष्ट्रियताको भावना कम भएको भन्दै मधेशी जनतालाई होच्याएको भन्ने मुद्दालाई मुख्यका कारण बनाएका छन् ।

एन्फा अध्यक्षविरुद्ध सुरुवात देखि नै विरोधमा रहेका यी चार जिल्लाले यसअघि पनि निर्वाचनका बेला भोट किनबेच गरेको भन्दै अडियो पनि सार्वजनिक गरेका थिए । तर त्यो त्यतिकै सेलाएको थियो । त्यो बेला पनि उनीहरुले एएफसी र फिफामा गएर अनुसन्धान गराउने बताएका थिए ।

पछिल्लो पटक एन्फामा कर्माले एकलौटी तरिकाले काम गरेको भन्दै असन्तुष्टको संख्या बढेको छ ।

# गोलमसिन साम्बाको यात्रा फिफाको वेबसाइटमा



**काठमाडौं, मस–** नेपाली राष्ट्रिय महिला टिमकी स्ट्राइकर तथा गोल मसिन सावित्रा भण्डारी साम्बाको प्रोफाइल फुटबलको सर्वोच्च निकाय फिफाले आफ्नो वेभ साइटमा प्रकाशित गरेको छ । सावित्रा नेपाली राष्ट्रिय महिला टिमबाट सर्वाधिक गोल गर्ने खेलाडी हुन् भने दक्षिण एशियामै उत्कृष्ट महिला खेलाडीको सूचीमा साम्बाको नाम आउने गर्छ । उनको गोल गर्ने गति र स्टाइललाई धेरै खेलाडी प्रभावित हुन्छन् । साम्वा उपनामले स्टार खेलाडी बनेकी उनको करियरबाट फिफाले प्रोफाइल आफ्नो वेभसाइटमा प्रकाशित गरेको छ । टेक्स्ट र भिडियो दुवै संस्करणमा रहेको उक्त प्रोफाइलमा फिफाले साम्बालाई निकै रोचकताका साथ बर्णन गरेको छ ।

फिफाले आफ्नो आधिकारीक वेबसाइटमा राखेको लेखमा उनलाई खाली खुट्टादेखि चमत्कारीक खेलाडीको शीर्षक दिएर लेखेको छ ।

फिफाले २३ बर्षे सावित्रा कसरी नेपालको उत्कृष्ट महिला स्ट्राइकर बनिन् भनेर खुलेर प्रंशसा गरेको छ । नेपालका लागि अन्तराष्ट्रिय महिला फुटबलमा सर्वाधक गोल गर्ने खेलाडी बनेकी सावित्राले अहिलेसम्म ३८ खेलमा ३४ गोल गरेकी छिन् ।

नेपालमा एपीएफबाट ब्यवसायीक फुटबल खेल्दै आएकी साम्बाले सन् २०१४ मा साफ महिला फुटबल च्याम्पियनसिपमा भुटान विरुद्धको खेलबाट डेब्यु गरेकी थिइन् । सो खेलमा उनी १७ बर्षकी थिइन । उनको डेब्यु खेलमा नेपाल आठ शुन्यले विजयी भएको थियो । उनले ८६ औं मिनेटमा मैदानमा प्रवेश गरेको दुई मिनेटमा नै गोल गरेकी थिइन् ।

सन् २०१६ मा भएको साफमा उनले कुल १२ गोल गर्दै सर्वाधिक गोलकर्ता बनेकी थिइन् । सन् २०१९ मा भएको साफमा पनि उनी सर्वाधिक गोलकर्ता बनेकी थिइन् । तर फाइनलमा भारतसँग तीन एकले हारपछि नेपालले उपाधि जित्न भने सकेन । उनले अझैंपनि पहिलो इच्छा, नेपाललाई महिला साफको उपाधि दिलाउने रहेको बताउने गरेकी छिन् ।

# सर्लाहीमा रंगशाला निर्माण हुँदै




**सर्लाही/रासस**-सर्लाहीका स्थानीय निकायले लकडाउनको समयमा पनि विकासनिर्माणका कामलाई प्राथमिकता दिएका छन् । आर्थिक वर्ष २०७६(०७७ मा रकम विनियोजन भएका विकास निर्माणका काम धमाधम भइरहेका छन् ।

जिल्लामा ११ नगरपालिका र नौ गाउँपालिका छन् । उनीहरुले लकडाउनको समयमा पनि सामाजिक दूरी कायम राख्दै विकास निर्माणका कामलाई प्राथमिकताका साथ सञ्चालन गरिरहेका छन् । विश्वव्यापी माहामारीको रूपमा फैलिएको कोभिड-१९ विरुद्ध नेपाल सरकारले गत चैत ११ गते घोषणा गरेको लकडाउन जारी रहेको रहेको छ । नेपालकै सबैभन्दा बढी स्थानीय निकाय भएको जिल्लामा विकास निर्माण कार्यलाई लकडाउनले खासै प्रभाव पार्न सकेको छैन ।

पछिल्लो क्रममा आर्थिक वर्ष २०७७-०७८ मा जिल्लाको सबैभन्दा धेरै रकम प्राप्त गर्ने लालबन्दी नगरपालिकामा १७ वटा वडा रहेका छन् । चालु आर्थिक वर्षमा विनियोजन गरिएको रकमको करिब ६० प्रतिशत काम सकिएको नगरपालिकाका प्रमुख मानबहादुर खड्काले बताए । बन्दाबन्दीका कारण काम गर्न केही समस्या भएको भए पनि नगरमा ठेक्का प्रक्रियामार्फत गरिने काम निरन्तर भइरहेका छन् ।

लकडाउन जारी भए पनि नगरभित्रका विकासका काम निरन्तर हुँदा केही बेरोजगार तथा मजदुरलाई आफ्नो दिनचर्या चलाउन सहज भइरहेको नगर प्रमुख खड्काले बताए । उनका अनुसार नगरपालिकाले चालु आवमा साना तथा ठूला विकास निर्माणका कार्य प्राथमिकतामा परेका र त्यसको काम भइरहेका छन् ।

नगरपालिका-६ को राधाकृष्ण खेल मैदानमा रङ्गशाला निर्माण, फोहोरमैला व्यवस्थापनको रणनीतिक योजना निर्माण, नयाँ हाइटेन्सन लाइनमुनिको जग्गामा पोखरी निर्माण र लालबन्दी खसी तथा मासु बजार व्यवस्थापनको काम भने हुन सकेको छैन ।

हरेक वडामा जाने सडकको मर्मत तथा स्तरोन्नति, दृश्यावलोकन स्तम्भ निर्माणका लागि ठेक्का लगाउनेलगायत काम निरन्तर भइरहेको नगर उपप्रमुख शान्तिकुमारी लामाले बताइन् । नगरभित्र शिक्षा क्षेत्रको सुधार, बजार व्यवस्थापन, ढल निकास व्यवस्थापन, खेलकूद क्षेत्रको विकासका साथै नगरको आफ्नै भवन निर्माणको शिलान्याससमेत भएको छ ।

# लकडाउनले बालबालिकालाई डिप्रेसनको समस्या



**वासिङ्टन, एजेन्सी**-हाल कोरोना भाइरसका कारण जारी रहेको लकडाउनका कारण बालबालिका तथा किशोर किशोरीहरू लाई पनि लामो समयसम्म मानसिक असर पर्ने देखिएको छ ।

अमेरिकामा हालै गरिएको एक अनुसन्धानबाट यो तथ्य पत्ता लागेको समाचारमा जनाइएको छ । हाल कोरोना भाइरसको प्रकोपको नियन्त्रणका लागि भन्दै विश्वका विभिन्न देशमा लकडाउन गरिएको छ ।

यसका कारण बालबालिका तथा किशोर किशोरीहरू घरमा एक्लै बस्नुपर्ने अवस्था आएको छ । यसरी उनीहरूलाई एक्लै छोड्दा अहिले नै र पछि गएर पनि उनीहरूमा एक्लोपना रुचाउने र डिप्रेसनमा पनि जानसक्ने देखिएको हो । बालबालिका तथा किशोरकिशोरीहरूको एक्लोपना र मानसिक अवस्था विषयमा अमेरिकामा सो अनुसन्धान गरिएको हो । अमेरिकाको एक स्वास्थ्यसम्बन्धी जर्नलमा प्रकाशन गरिएको सो लेखमा ४ देखि २१ वर्षसम्मका बालबालिका र किशोर किशोरीहरूमा अनुसन्धान गरिएको थियो ।

यसरी गरिएको यस अध्ययनमा एक्लोपनमा बस्ने किशोरकिशोरीहरूमा अन्य सामान्य अवस्थामा भन्दा तीन गुणा बढी डिप्रेसनको सम्भावना हुने देखिएको छ । अहिलेको यो एक्लोपनाले आगामी कम्तीमा ९ वर्षसम्म उनीहरूमा डिप्रेसनको समस्या ल्याउन सक्ने सो अध्ययनमा देखिएको छ ।

सो अध्ययनमा अहिलेको कोभिड १९ ले मानिसको मानसिक स्वास्थ्यमा पारेको प्रभावको बारेमा बुझ्न अरू कम्तीमा पनि १० वर्ष लाग्नसक्ने देखिएको पनि बताइएको छ ।

# भारतमा कोरोना संक्रमितको संख्या २ लाख नजिक



**नयाँ दिल्ली, एजेन्सी–** भारतमा आइतबार एकै दिनमा ८ हजार ३९२ जना कोरोना संक्रमित थपिएका छन् । सोमबार बिहानसम्म कोभिड-१९ संक्रमितको संख्या १ लाख ९० हजार ५३५ पुगेको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । सोमबार बिहान जारी तथ्याङ्कअनुसार भारतमा कोभिड १९ बाट मृत्यु हुने व्यक्तिको संख्या ५ हजार ३९४ जना पुगेको छ । यस संक्रमणबाट निको भएका बिरामीको संख्या ९१ हजार ८१९ जना रहेको पनि सो मन्त्रालयले जानकारी दिएको छ । हाल भारतमा ९३ हजार ३२२ जना कोरोना संक्रमित उपचाररत रहेका समाचारमा जनाइएको छ । कोभिड-१९ बाट सबैभन्दा बढी भारतको महाराष्ट्र राज्यका नागरिक संक्रमित भएका छन् । यहाँमात्र ६७ हजार ६५५ नागरिक कोरोना भाइरस संक्रमित रहेका छन् । महाराष्ट्रपछि तमिलनाडूमा दोस्रो स्थानमा रहेको छ । त्यहाँ २२ हजार ३३३ जनामा कोरोना भाइरसको संक्रमण रहेका छन् । दिल्लीमा १९ हजार ८४४ जना कोरोना संक्रमित रहेका छन् ।

भारतमा दुई महिना भन्दा बढी समयदेखि कोरोना भाइरस संक्रमण फैलिने डरले लकडाउन जारी रहेको छ । कोरोना भाइरसको संक्रमण क्रम नरोकिएपछि भारत सरकारले देशव्यापी रूपमा गरेको लकडाउनलाई मे ३१ सम्म जारी रहने घोषणा गरेको छ । कोरोना भाइरस नियन्त्रण र रोकथामको लागि लकडाउनको चौथो चरण आगामी मे ३१ सम्म जारी रहेको भारत सरकारले जानकारी दिएको थियो । भारतीय गृह मन्त्रालयले गत २४ मार्चदेखि लागू गरिएको लकलडाउन थप १४ दिनको लागि बढाउने निर्णय गरेको छ । भारतमा पहिलो चरणको लकडाउन गत २४ मार्चमा लगाइएको थियो । दोस्रो चरण लकडाउन १५ अप्रिलमा शुरु भएको थियो । तेस्रो चरणको लकडाउन मे ४ बाट शुरु थियो ।

विगत केही दिनयता भारतभरि नै कोरोना भाइरसको संक्रमितको संख्यामा बृद्धि देखिएपछि चौथो चरणको लकडाउन गर्ने निर्णय गरिएको थियो । भारतमा विगत केही दिनयता संक्रमणको बृद्धिदर उच्च देखिएको छ ।

# तीन पाकिस्तानी आतंककारी मारिएको भारतीय सेनाको भनाइ

**रजौरी, एजेन्सी–** पाकिस्तानका तीन जना तालिमप्राप्त आतंकवादी जम्मु काश्मिरको सीमा क्षेत्रमा मारिएका भारतीय सेनाले जनाएको छ ।

भारतीय सेनाले गरेको आतंककारी विरोधी कारबाहीका क्रममा भारत र पाकिस्तानी सीमा क्षेत्र लाइन अफ कन्ट्रोलको नसुअरा क्षेत्रमा ती आतंककारी मारिएका भारतीय सेनाले सोमबार जानकारी दिएको हो । भारतीय सेनाले मे २८ देखि सो क्षेत्रमा ठूलो सैन्य संख्याका साथ कारबाही गर्दै आएको छ । सोही कारबाहीकाक्रममा सोमबार शक्तिशाली हतियार बोकि हिँडेका ती आतंककारी मारिएका हुन् । त्यस क्षेत्रमा भारतीय सेनाले घुसपैठ भइ आउने आतंककारीहरूको खोजी अभियानलाई जारी राख्ने पनि जनाएको छ ।

# मुल्लाह उमरका छोरा तालिबान समूहको नेतृत्वमा



**काबुल, एजेन्सी-** अफगान तालिबान समूहका संस्थापक मुल्लाह ओमरका छोरा मुल्लाह याकूबले तालिबान समूहको नेतृत्व सम्हालेका छन् । समूहका नेताहरूबीच नेतृत्वको विषयलाई लिएर सहमति जुट्न नसकेपछि याकूबलाई अन्तरिम नेतृत्व हस्तान्तरण गरिएको हो ।

अफगान स्रोतका अनुसार तालिबानका कतिपय बरिष्ट सदस्यहरू कोरोनाभाइरसका कारण बिरामी परेका कारणले पनि याकूबलाई नेतृत्व दिइएको हो ।

अफगानिस्तानका पूर्व राष्ट्रिय गुप्तचर विभागका प्रमुख रहमतुल्लाह नबिलले हाल मुल्लाह याकूबले तालिबान आन्दोलनको नेतृत्व गरिरहनु भएको दाबी गरेका छन् । उनले समूहको कतारको दोहास्थित कार्यालयका कतिपय सदस्यहरू कोरोनाभाइरस संक्रमित भएका र उनीहरू पाकिस्तान फर्किएको पनि बताए ।

गत फेब्रुअरीमा तालिबानसँग अमेरिकाले गरेको सम्झौताको कार्यान्वयन तथा अफगान सरकारसँगको वार्ताको महत्वपूर्ण क्षणमै तालिबान समूहको नेतृत्वमा संकट उत्पन्न भएको छ।

तालिबान समूहको उच्च नेतृत्वमा कुनै किसिमको विभाजन र असहमति देखा परे कमजोर अफगान शान्तिवार्ता नै धरापमा पर्न सक्ने आँकलन गरिएको छ । अमेरिकाले तालिबानसँगको सम्झौता बमोजिम आफ्ना सैनिक फिर्ता गर्न थालको भए पनि तालिबान र अफगान सरकारबीच शान्तिवार्ता शुरु हुन सकेको छैन ।

विदेशी समाचार संस्थाका अनुसार ओमरका मुख्य सहयोगी एवं महत्वपूर्ण तालिबान नेता हैबातुल्लाह अखुनजादा केही हप्तादेखि कुनै पनि बैठकहरूमा देखा पर्नु भएको छैन । उहाँको स्थानमा हक्कानी नेटवर्कका सिराजुद्दीन हक्कानीले गरिरहनु भएको छ । यो समूहको सम्बन्ध पाकिस्तानस्थित इस्लामिक स्टेटको अलकायदा समूहसँग सम्पर्क रहेको मानिन्छ ।

इस्लामिक स्टेटको चाहना तालिबानसँग हक्कानी नेटवर्कको सम्पर्क टुटाएर पुनः अतिवादी जिहादी क्रियाकलाप शुरु गर्नु हो । नबिलका अनुसार तालिबानको राजनीतिक कार्यालयमा परिवर्तन हुनेक्रम जारी रहेको छ ।

पछिल्लो समय मुल्लाह याकूब पनि तालिबानको शीर्ष नेतृत्व सम्हाल्ने गरी तयारी गरिरहनु भएको थियो । उहाँका बुबा मुल्लाह ओमरको सन् २०१५ मा निधन भएको थियो । याकूबलाई सन् २०१६ मा अफगानिस्तानका ३४ मध्ये १५ वटा प्रान्तको सैनिक आयोगको नेतृत्व गर्ने जिम्मेवारी दिइएको थियो ।

तालिबान समूहले सन् १९९६ देखि २००१ सम्म अफगानिस्तानमा शासनसत्ता सम्हालेको थियो । तर सन् २००१ मा अफगानिस्तानमा लुकेर बसेका ओसामा बिन लादेनले अमेरिकामा भिषण हमला गरेपछि प्रतिशोधमा अफगानिस्तानमाथि अमेरिकाले आक्रमण गरी तालिबानलाई सत्ताच्यूत गरेको थियो । तालिबान समूहले त्यसयता अफगानिस्तानमा तैनाथ अमेरिकी सेनाविरुद्ध सशस्त्र संघर्ष गरिरहेको छ ।

# 'उच्च पहाडमा बस्ने मानिसलाई कोरोना संक्रमणको खतरा कम'



**वासिङ्टन, एजेन्सी**-उच्च हिमाली तथा पहाडी क्षेत्रमा बस्ने मानिसलाई बेँसीमा बस्ने मानिसलाई भन्दा कोरोना भाइरस संक्रमणको प्रकोप कम हुने एक अध्ययनले देखाएको छ ।

सो अध्ययनकाअनुसार समुद्री सतहबाट तीन हजार मिटरभन्दा माथिको बस्तीका मानिसलाई यो भाइरसको संक्रमण तल्लो तहका मानिसको तुलनामा कम हुने पाइएको हो ।

अमेरिकी पत्रिका वासिङ्टन पोष्टले सो अध्ययनको समाचार दिएको छ । उक्त समाचारअनुसार यस अध्ययनमा अष्ट्रेलिया, बोलिभिया, क्यानाडा र स्वीट्जरल्याण्डका अनुसन्धानदाताहरूले सो अनुसन्धान गरेका हुन् ।

उनीहरूले बोलिभिया, इक्वेडर र तिब्बतको अध्ययन गरेका थिए । सो अनुसन्धानबाट समुद्री सतहबाट कम उचाइमा रहेका ती अरू देशको तुलनामा तिब्बतका मानिसमा कोरोनाको प्रकोप कम रहेको पाइएको हो ।

तिब्बत उच्च हिमाली क्षेत्रमा पर्दछ । अन्यत्रको तुलनामा तिब्बतका नागरिकमा संक्रमणको दरमा तीन गुणाले कमी पाइएको छ ।

उनीहरूले मार्च २३ देखि अप्रिल ३ सम्मका समुद्री सतहबाट कम उचाइमा रहेका सहरहरू र तिब्बत तथा यस्तै उच्च पहाडी इलाकाका सहरका ४ लाख २० हजार स्थानीय नागरिकसँगको अन्तरवार्ताबाट यो तथ्य पत्ता लगाएका हुन् ।

## अर्थमन्त्रीले भने

# एमसीसी संसद्बाट अनुमोदनपछि मात्रै कार्यान्वयन, महंगा विद्युतीय सवारीसाधनलाई छुट हुँदैन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ जेठ

अर्थमन्त्री डा युवराज खतिवडाले अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्झौतासँग सम्बन्धित बजेट र कार्यक्रम संसद्ले अनुमोदन गरेपछि मात्रै कार्यान्वयनमा जाने स्पष्ट गरेका छन् ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा आर्थिक वर्ष २०७७/०७८ को बजेटमा सांसदले उठाएका विषयमाथि स्पष्ट गर्दै मन्त्री डा खतिवडाले सो विषयमा प्रधानमन्त्री केपी शर्मा ओलीले यही जेठ ६ गते स्पष्ट पारिसकेकाले सोहीअनुसार हुने बताए । सो सम्झौताका विषयमा यही जेठ १६ गते भएको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठकमा संसद्बाट सम्झौता पारित नभएका अवस्थामा त्यसअन्तर्गतका बजेट र कार्यक्रम राखिएकामा प्रश्न उठाइएपछि अर्थमन्त्रीले सोबमोजिम स्पष्ट पार्ने सहमति भएको थियो । नेकपा सचिवालयले विस्तृत छलफल गरी सो सम्झौताबारे निर्णय गर्ने जनाएको छ ।

मन्त्री डा खतिवडाले स्वदेशी आवश्यकता, राष्ट्रिय प्राथमिकता र हितलाई ध्यानमा राखेर वैदेशिक सहायता नीतिअनुसार वैदेशिक सहयोग लिई कार्यान्वयन गरिने पनि स्पष्ट गरे । उनले कोभिड-१९ को संक्रमणका कारण विश्व अर्थतन्त्र नै संकटमा परेकाले अब क्रमशः आर्थिक क्रियाकलाप शुरु गर्दै जनजीवनलाई क्रमशः गतिशील बनाइने र कोरोना रोकथाम र



नियन्त्रणमा विनियोजित बजेट अपुग भएमा पछि रकमान्तर गर्न सकिने जनाए । रोग र भोकबाट बची छिमेकी मुलुकको अनुभवसमेतका आधारमा क्रमशः आर्थिक क्रियाकलाप सञ्चालन गर्दै औसत आर्थिक वृद्धिदर हासिल गर्न सकिने उनले जनाए । बजेट भौगोलिक हिसाबले सन्तुलित भएको तथा सङ्घ र प्रदेशको बजेट विनियोजन प्राकृतिक स्रोत तथा वित्त आयोगको सुझावका आधारमा गरिएको जनाउँदै उनले श्रम र सीपलाई रुपान्तरण गरी नयाँ अवसर सिर्जना गर्ने कार्यक्रम बजेटमा उल्लेख भएको बताए । उनले कोरोना महामारीका कारण खर्चमा मितव्ययिता अपनाउँदै प्रशासनिक र कार्यालयगत खर्चमा २८ प्रतिशत कटौती गरिएको बताए । मन्त्री डा खतिवडाले बजेटको कार्यान्वयनका लागि सबै पक्षको सहयोग आवश्यक रहेकामा पनि जोड दिए ।

यस्तै उनले बजेटमा उल्लिखित 'एक निजी विद्यालयले एक सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि जिम्मेवारी वहन' बारे स्पष्ट पार्दै उनले निजी विद्यालयको एक प्रतिशत शिक्षा सेवा शुल्कको रकम सामुदायिक विद्यालयको पूर्वाधार विकासमा खर्च गराउने सोचअनुसार उसको सामाजिक उत्तरदायित्व र सहकार्यको वातावरण विकासका लागि सो प्रस्ताव गरिएको बताए । उनले सामुदायिक विद्यालयको स्तर सुधार्ने र माविसम्म निःशुल्क अनिवार्य बनाउँदै जाने भन्नेमा द्विविधा नरहेको र सामुदायिक विद्यालय निजी क्षेत्रलाई हस्तान्तरण गर्न नखोजिएको स्पष्ट गरे । अर्थमन्त्री डा युवराज खतिवडाले सर्वसाधारण जनताले न्यून मूल्यका गाडीबाट लाभ लिन सक्ने भएकाले विद्युत् बचत गर्ने नाममा महँगो विद्युतीय गाडी किनेर रकम विदेशिन नहुने स्पष्ट गरेका छन् । उनले सार्वजनिक यातायातलाई प्रश्रय दिने सकारको नीति रहेको स्पष्ट गर्दै विद्युतीय गाडीका कतिसम्म मूल्यका गाडीलाई कर छुट दिने भन्ने बहसको विषय भएको बताए ।

स्वास्थ्य सामग्री खरीदमा अनियमितता र उपलब्धताबारे सोधिएका प्रश्नमा मन्त्री डा खतिवडाले त्यस प्रकारको प्रक्रियाबमोजिम नै खरीद गरिएको र केही जिम्मेवारी नेपाली सेनालाई पनि दिइएको जनाए । बैठकमा डा मीनेन्द्रप्रसाद रिजाल, भरतकुमार शाह, पुष्पा भुसाल, हरिराज अधिकारी, प्रेम सुवाल, देवप्रसाद तिमल्सिना, तेजुलाल चौधरी, मानबहादुर विश्वकर्मा, सुरेशचन्द्र दास, कृष्णबहादुर राईलगायतले थप प्रश्न सोध्नुभएको थियो ।

# एनआरएन पोर्चुगल अध्यक्ष गैरेलाई सामाजिक सम्मान

**पोर्चुगल/मस-** गैरआवासीय नेपाली संघ (एआरएनए) पोर्चुगलका अध्यक्ष तिलक गैरेलाई सम्मान गरिएको छ । २४ न्युजप्रेस डट कम तथा एपि वान टेलिभिजनको दोश्रो वार्षीकोत्सवको अवसरमा अध्यक्ष गैरेलाई कदर पत्रसहित सम्मान गरिएको हो ।

प्रवासमा रहेका नेपाली समाजका विविध विषयमा सामाजिक योगदान पु्याएको भन्दै कदर पत्र प्रदान गरिएको एपि वान टेलिभिजनका अन्तर्राष्ट्रिय व्युरो समाचार प्रमुख विनय अधिकारीले बताए ।



करिब ९ महिना अघि एनआरएन पोर्चुगलको अध्यक्षमा निर्वाचित गैरे पछिल्लो समय विश्वव्यापी रुपमा फैलिएको कोरोनाबाट प्रभावित नेपालीहरुको सहयोगमा जुटेका छन् । उनले संक्रमित नेपालीहरुलाई मात्र नभई समस्यामा परेका नेपालीहरुलाई समेत सहयोग गर्दै आइरहेका छन् । एनआरएन पोर्चुगलको अध्यक्षको हसियतमा मात्र नभई व्यक्तिगत रुपमा पनि उनले आवश्यक सामग्रीहरु वितरण गर्दै आइरहेका छन् ।

कोरोनाका कारण रोजगारी गुमाएका नेपालीहरुलाई अवसरको खोजी गरेर रोजगारी दिलाउने काम एनआरएन पोर्चुगलका अध्यक्ष गैरेले बताए । 'कोरोनाका कारण होटल, रेष्टुरेण्टमा कार्यरत नेपालीहरुको रोजगारी गुमेको छ । हामीले अवसरको खोजी गरेर काममा लगाउने कार्य गरिरहेका छौं,' उनले भने, 'प्रवासमा रहेका नेपालीहरुले कुनै पनि समस्या भोग्न नपरोस् भन्नेमा एनआरएन पोर्चुगल सचेत छ र त्यसमा सक्रिय भएर लागेका पनि छौं ।'

यसअघि पनि एनआरएन पोर्चुगलले विभिन्न कारणले जेलमा परेका नेपालीको उद्दार तथा रोजगारीको सिलसिलामा ज्यान गुमाएका मृतकका परिवारलाई सहयोग गर्दै आइरहेको छ ।

त्यस्तै अध्यक्ष गैरेले म्याग्दीको देविस्थान गाउँपालिका घर भई एक वर्षदेखि चार महिनाको बच्चासहित पोर्चुगल अलेन्तेजो जोनको साउतोतोनियो बस्दै आएकी दिवानी पुर्जालाई व्यक्तिगत रूपमा नगद सहयोग प्रदान गरेका छन् । पुर्जाको श्रीमान भने हाल नेपालमै भएको र काम पनि नभएका कारण आर्थिक कठिनाई परिरहेको थाहा पाएपछि अध्यक्ष गैरे उनको निवासमा पुगेर घरभाडा लगायत अन्य आवश्यक नगद सहयोग प्रदान गरेका हुन् ।

संस्थाकै सदस्यहरुले एक्लौटी रुपमा संस्था चलाइरहेको आरोप लगाएको भएपनि अध्यक्ष गैरेले नेपाल र नेपालीहरुका लागि महत्वकांक्षी योजनाहरु अघि सारेको भएपनि कोरोनाका कारण ती योजनाहरु अलपत्र परेका छन् । नेपालीहरुको समस्या समाधान गर्न एनआरएन पोर्चुगलले हेल्प डेस्क र नेपाली संस्कृति झल्काउने खालको संग्रहालय नेपाल हाउसको स्थापना गर्न कोरोनाका कारण रोकिएको छ । कोरोना संक्रमणको जोखिम कम भई स्थिति सामान्य भएपछि ती कामहरु शुरु हुने पनि उनले जानकारी दिए ।

# प्यूठानका स्थानीय तहको बजेटमा वृद्धि

**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान,१९ जेठ ।

आगामी आर्थिक वर्षका लागि प्यूठानका स्थानीय तहको बजेटमा वृद्धि भएको छ ।चालु आर्थिक वर्ष २०७६/०७७ को तुलनामा आर्थिक वर्ष २०७७ ०७८ को बजेटमा वृद्धि भएको हो । जिल्लाको नौ वटा स्थानीय तहलाई सरकाले २ अर्ब ६९ करोड १९ लाख रुपैया' बजेट विनियोजन गरेको छ । यो आर्थिक वर्ष २०७६/०७७ को भन्दा ४८ करोड ९५ लाखले बढी हो । गत वर्ष सरकारले प्यूठानका स्थानीय तहका लागी कुल २ अर्ब २० करोड २४ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

**प्यूठान जिल्लाको स्थानीय तह अनुसार बजेट**

| नगरपालिका | बजेट २०७६/०७७ | बजेट २०७७/०७८ |
|---|---|---|
| प्यूठान | ३४ करोड ८७ लाख | ४० करोड ५२ लाख |
| स्वर्गद्वारी | २९ करोड ४२ लाख | ३४ करोड ४७ लाख |

| गाउंपालिका | बजेट २०७६/०७७ | बजेट २०७७/०७८ |
|---|---|---|
| ऐरावती | २३ करोड ८१ लाख | ३१ करोड ५लाख |
| गौमुखी | २३ करोड ७५ लाख | २८ करोड |
| झिमरुक | २५ करोड ८६ लाख | ३२ करोड १ लाख |
| नौबहिनी | २५ करोड ७४ लाख | ३१ करोड ९ लाख |
| मल्लरानी | १९ करोड ३३ लाख | २४ करोड ५ लाख |
| माण्डवी | १७ करोड ६१ लाख | २३ करोड ७८लाख |
| सरुमारानी | १९ करोड ८५ लाख | २४ करोड २२ लाख |
| जम्मा | २ अर्ब २० करोड २४ लाख | २अर्ब ६९करोड १९ लाख |

स्रोत:नेपाल सरकार अर्थ मन्त्रालय

संघीय सरकारले जिल्लाका नौ वटा स्थानीय तहलाई वित्तीय समानीकरण, सशर्त अनुदान, विशेष र समपुरक अनुदान गरेर २ अर्ब ६९ करोड १९ लाख रुपैया' बजेट बिनियोजन गरेको हो । गत जेठ १५ गते अर्थमन्त्री डा युवराज खतिवडाले संघीय संसदमा प्रस्तुत गरेको आगामी आर्थिक बर्षको बजेटमा जिल्लाका २ नगरपालिका र ७ गाउँपालिकाका लागी उक्त रकम विनियोजन भएको हो ।

प्यूठानका २ नगरपालिका मध्ये सबै भन्दा धेरै प्यूठान नगरपालिकालाई ४० करोड ५२ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ भने ७ गाउँपालिका मध्ये सबै भन्दा धेरै झिमरुक गाउँपालिकालाई ३२ करोड १ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । गत आर्थिक वर्ष ३४ करोड ८७ लाख रुपैंया बजेट प्राप्त गरेको प्यूठान नगरपालिकाले २०७७ र ०७८ को लागि भने ५ करोड ६५ लाख बढि बजेट प्राप्त गरेको छ । यस्तै गत आर्थिक वर्षमा २५ करोड ८६ लाख रुपैयाँ बजेट विनियोजन भएको झिमरुक गाउँपालिकामा यस बर्ष ३२ करोड १ लाख रुपैयाँ बजेट विनियोजन भएको छ । जुन चालु आ.व.को भन्दा ७ करोड ८५ लाख रुपैयांले बढि छ ।

यस्तै चालु आ.ब. मा स्वर्गद्वारी नगरपालिकामा २९ करोड ४२ लाख रुपैयाँ विनियोजन गरिएको थियो भने आगामी आ.व.का लागि ३४ करोड ४७ लाख रुपैयाँ बजेट विनियोजन भएको छ । गाउँपालिकातर्फ सबैभन्दा कम माण्डवी गाउँपालिकामा २३ करोड ७८ लाख रुपैया बजेट विनियोजन गरिएको छ । उक्त गाउँपालिकामा चालु आ.व.मा १७ करोड ६१ लाख रुपैयाँ बजेट विनियोजन गरीएकोमा आगामी आर्थिक वर्ष २०७७ र०७८का लागी ६ करोड १७ लाख रुपैया बढि बजेट विनियोजन भएको छ । नौबहिनी गाउँपालिकामा चालु आवको भन्दा ६ करोड ६९ लाख रुपैयां बढि बजेट विनियोजन भएको छ । २५ करोड ७४ लाख रुपैयां बजेट विनियोजन भएको गाउँपालिकामा नयाँ आवका लागि ३१ करोड ९ लाख रुपैयां बजेट विनियोजन गरिएको छ । यस्तै ऐरावती गाउँपालिकामा पनि चालु आ.व.को भन्दा ८ करोड ७६ लाख बढि बजेट बिनियोजन भएको छ । गौमखी गाउँपालिकाका लागि २८ करोड रुपैया बजेट प्राप्त भएको छ । यो चालु आवको भन्दा ४ करोड २५ लाखले बढि हुन आउछ । सरुमारानी गाउँपालिकामा चालु आवमा १९ करोड ८५ लाख विनियोजन गरिएकोमा आर्थिक वर्ष २०७७ र ०७८ का लागि २४ करोड २२ लाख र मल्लरानी गाउँपालिकामा २४ करोड ५ लाख रुपैया बजेट छुट्याइएको छ ।

# सहुलियत तथा कर छुटप्रति हवाई कम्पनीहरु उत्साहित

**काठमाडौं/मस**-सरकारले आर्थिक वर्ष २०७७/०७८ को बजेटमा हवाई क्षेत्रमा व्यवस्था गरेको सहुलियत तथा कर छुटको विषयप्रति हवाई सेवा सञ्चालकको छाता सङ्गठन वायुसेवा सञ्चालक सङ्घले आभार प्रकट गरेको छ ।

विश्वव्यापी महामारीका रुपमा फैलिको कोभिड-१९ का कारण सिथिल बनेको मुलुकको हवाई उद्योगको पुनरुत्थानका लागि बजेटमा भएको व्यवस्थाप्रति सङ्घले विज्ञप्ति निकालेर सरकारलाई धन्यवाद दिएको हो ।

सरकारले आगामी आवको बजेट र नीति तथा कार्यक्रममा नेपाली वायुसेवा कम्पनीले भुक्तानी गर्नुपर्ने पार्किङ शुल्क, वायुसेवा सञ्चालन अनुमति नवीकरण दस्तुर, उडान योग्यता प्रमाणपत्र दस्तुर र हवाई इन्धनमा लाग्ने गरेको पूर्वाधार कर छुट दिने घोषणा गरेको थियो ।

यस्तै कोभिडका कारण विगत दुई महिनादेखि बन्द भएको आन्तरिक तथा बाह्य उडान सेवाका अवधिमा दिनहुँ छ करोडभन्दा बढी राजश्व गुमाइरहेको निजी वायुसेवा कम्पनीले बजेट वक्तव्यमार्फत आव २०७६ ०७७ को आय विवरणअनुसार लाग्ने आयकरमा २० प्रतिशत छुट दिने गरिएको घोषणाबाट केही हदसम्म लाभान्वित नै हुने देखिएको भन्दै उक्त व्यवस्थाका निम्ति पनि सङ्घले आभार प्रकट गरेको विज्ञप्तिमा उल्लेख छ ।

बैंकबाट प्रभाव हुने कर्जा कार्यक्रमको पुनःसंरचना गरी ५ प्रतिशत व्याजदरमा कर्जा उपलब्ध गराउने, पर्यटन व्यवसायका कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालनका लागि पाँच प्रतिशत व्याजदरमा कर्जा उपलब्ध गराउन रु ५० अर्बको छुट्टै कोष खडा गर्ने जस्ता बजेटमा घोषणा गरिएका विषय स्वागतयोग्य भएको भन्दै सङ्घले यसको सफल कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिमा समेटिनुपर्ने सुझाएको छ ।

आम नेपाली यात्रुलाई सुपथ मूल्यमा हवाई सेवा प्रदान गर्न र राष्ट्रको महत्वपूर्ण उद्योगलाई विषम घडीमा टिकाइराख्न प्रतिलिटर बिक्री मूल्यको करिब १० प्रतिशत नाफा राखी हवाई इन्धनको मूल्य समायोजनका लागि पनि सङ्घले नेपाल आयल निगमलगायत सम्बन्धित मन्त्रालयमा अनुरोध गरिएको उल्लेख गरेको छ ।

सङ्घले हवाई इन्धनमा पूर्वाधार कर छुट तथा थप भन्सार शुल्क नलाग्ने व्यवस्थाबाट हवाई यात्रा केही सस्तो भए तापनि छिमेकी मुलुकको तुलनामा नेपालमा हवाई इन्धनको मूल्य झण्डै दोब्बर देखिएको र निगमले हवाई इन्धनमा अझै पनि इण्डियन आयल निगमले प्रदान गरेको तुलनामा पनि रु ३३ मुनाफा लिई रु ६५ मूल्य तोकी राख्नु अस्वभाविक र अवान्छनीय भएको जनाएको छ ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु
ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरुबाट आउने मानिसहरुमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
कसरी आफू बच्ने र अरुलाई बचाउने ?
नियमित रुपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाच्छुँ गर्दा नाक र मुख छोप्ने ।
फ्लु जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लु जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
मध्यान्ह
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**